कर्णाली प्रदेश सरकार

भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशु अस्पताल तथा पशु सेवा कार्यालय, सुर्खेत

प्रस्ताव आह्वानको सूचना

पहिलो पटक प्रकाशित मिति :- २०८३।०८।१०

यस कार्यालयको चालु आ.व. २०८३।८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखीत कार्यक्रमहरु कृषि तथा सहकारी सम्वन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८३ वमोजिम संचालन गर्न ईच्छुक सुर्खेत जिल्लाका कृषि व्यवसायमा संलग्न कृषक, कृषक समुह, सहकारी संस्था, व्यवसायीक फर्म, कम्पनी, उद्यमीहरुवाट निवेदन पेश गर्नका लागी यो सुचना प्रकाशन गरिएको छ । यो सुचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस कार्यालयमा देहायका कागजात संलग्न राखी निवेदन पेश गर्न हुन अनुरोध छ । निवेदन पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो लगतै कार्यालय खुलेको पहिलो दिनलाई सुचनाको अन्तिम म्याद सम्झि निवेदन बुझाउन सकिनेछ।

तपसिल:

क्र.सं.	कार्यक्रमहरु	ईकाई	परिमाण	बजेट/रकम	कार्यक्रम संचालन हुने क्षेत्र	आवश्यक न्यूनतम मापदण्ड	कार्यालयको लागत साझेदारी प्रतिशत बढीमा	प्रति अनुदानग्राही अनुदान सिमा
१	वहुवर्षिय भुई घाँसको प्टल विकास कार्यक्रम	संख्या	५	२,५०,०००/- (दुई लाख पचास हजार मात्र)	सुर्खेत जिल्ला भरी	न्यूनतम ५ रोपनी क्षेत्रफलमा घाँस खेति गर्नुपर्ने	५०%	कार्यविधि वमोजिम
२	पशुपालन (गाई/भैसी) गरेका कृषकलाई साईलेज प्रवर्द्धन कार्यक्रम	पटक	१	४,७५,०००/- (चार लाख पचहत्तर हजार मात्र)	सुर्खेत जिल्ला भरी	कम्तिमा १० गोटा दुधालु गाई वा भैसी वा दुवै पालन गरेका		प्रति के.जी. रु ४ का दरले वढिमा ५०,०००/-
३	स्थानिय तहको सहकार्यमा एक स्थानिय तह एक भेटेरिनरी क्लिनिक स्थापनामा सहयोग कार्यक्रम	संख्या	१	२,७५,०००/- (दुई लाख पचहत्तर हजार मात्र)	सुर्खेत जिल्ला भरी	कार्यविधि अनुसार (स्थानिय तहले स्थापना गर्नुपर्ने)	५०%	२,७५,०००/- (दुई लाख पचहत्तर हजार मात्र)
४	कृत्रिम गर्भाधान वाट जन्मिएका पाडि वाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम	संख्या	१५०	१४,२५,०००/- (चौध लाख पच्चिस हजार मात्र)	सुर्खेत जिल्ला भरी	कृ.ग. वाट जन्मिएर कम्तिमा १ वर्ष उमेर पुगेका प्रति कोरलि पाडि वाच्छी वढिमा रु १०,०००/- प्रोत्साहन अनुदान		पहिला आवेदन दिनेलाई प्रयामिकता दिई एक कृषकका लागी वढीमा रु ३०,०००/-
५	संख्या र क्षेत्रफलको आधारमा प्रोत्साहन सहयोग कार्यक्रम	पटक	१	३७,५०,०००/-	सुर्खेत जिल्ला भरी	कार्यविधि अनुसार		कार्यविधि अनुसार

				(सैतीस लाख पचास हजार मात्र)				
६	माछा पोखरी निर्माण कार्यक्रम (पञ्चपुरी, लेकवेशी र भेरिगंगा) (१२ रोपनी)	पटक	१	६,६५,०००/- (छ लाख पैसट्ठि हजार मात्र)	पञ्चपुरी, भेरिगंगा र लेकवेशी	कार्यविधि अनुसार	५०%	प्रति रोपनी अधिक्तम अनुदान रकम रु ५०,०००/-
७	माछाको पकेट क्षेत्र स्थापना वीरेन्द्रनगर नगरपालिका	पटक	१	१६,१५,०००/- (सोह लाख पन्ध्र हजार मात्र)	वीरेन्द्रनगर नगरपालिका	(न्यूनतम ४ हेक्टर जलासय क्षेत्रफल) कार्यविधी अनुसार	कार्यविधी अनुसार	१६,१५,०००/- (सोह लाख पन्ध्र हजार मात्र)
८	वंगुर वधशालामा कोल्ड रुम लगायत पुर्वाधार निर्माण तथा सुदृढिकरण वीरेन्द्रनगर सुर्खेत	पटक	१	९,५०,०००/- (नौ लाख पचास हजार मात्र)	वीरेन्द्रनगर नगरपालिका	पशु वधशाला तथा मासु जाच ऐन वमोजिम दर्ता भएको वधशाला	५०%	९,५०,०००/- (नौ लाख पचास हजार मात्र)

<u>प्रस्तावका साथ सम्मिलित हुनुपर्ने कागजातहरु:</u>

१. अनुसुची-४ वमोजिमको निवेदन र कार्ययोजना ।
२. अनुसूची-५ वमोजिमको प्रतिवद्धता पत्र ।
३. किसान सूचिकरण नम्वर खुल्ने प्रमाण ।
४. साविकको जिल्ला पशुसेवा कार्यालय, स्थानिय तहका पशु सेवा शाखा वा सम्वन्धित निकायमा दर्ता भएको कृषि तथा पशुपन्छी फर्म/ सहकारी/ समुह / समितीको प्रमाण पत्रको प्रतिलिपि ।
५. अघिल्लो आ.व. को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी र समुह/सहकारीको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि। समुह तथा सहकारीको हकमा पशुपन्छी वा पशुपन्छीजन्य उत्पादनको वार्षिक कारोवार स्पष्ट खुलेको लेखा परिक्षणको रिपोर्टको प्रतिलिपी पेस गर्नेलाई कार्यक्रममा प्राथमिकता दिइनेछ।
६. व्यवसायी, समुह, समिति र सहकारीको संचालक समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी ।
७. सहकारी/ समुह / समितीको हकमा निर्णयको प्रतिलिपी ।
८. व्यवसाय सञ्चालन गरेको व्यवसायीको नाममा रहेको जग्गा धनी पुर्जाको फोटोकपी । लिजमा लिई सञ्चालन गरेको भएमा वडा कार्यालयमा दर्ता रेकर्ड भएको १० (दश) वर्षे जग्गा करार सम्झौता र जग्गा धनी पुर्जाको फोटोकपी ।
९. सम्वन्धित स्थानीय तह पशुसेवा शाखाको स्थानीय तहबाट विगतको दुई आर्थिक वर्षमा सोही प्रकृतिको अनुदान नलिएको खुलाइएको र कार्यक्रम संचालनको लागि सिफारीस गरिएको पत्र ।
१०. कृ.ग.वाट जन्मिएका पाडी वाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रममा समावेश हुन कृत्रिम गर्भाधान कर्ताको सिफारिस, कृ.ग. गरि जन्मीएका पाडि वाच्छिको ट्याग नं. स्पस्ट देखिने फोटो र पाडि वाच्छी र माउको पुरा शरिर देखिने गरी फोटो, विमा गरिएको विमालेख अनिवार्य रुपमा पेश गर्नुपर्नेछ साथै माउ र पाडि वाच्छी आवेदककै घरमा हुनुपर्नेछ र प्रोत्साहनको लागी पालिएको पाडि वाच्छी कम्तिमा एक वेतको उत्पादन अवधिसम्म पाल्ने प्रतिवद्धता पेश गर्नुपर्नेछ ।
११. विगतका वर्षहरुमा एका घरका व्यक्तिहरु वा उनीहरुबाट संचालित व्यवसायमा सोही प्रकृतिको कृयाकलापमा कुनै पनि सरकारी निकायबाट अनुदान लिए/नलिएको स्व-घोषणा पत्र पेश गर्नुपर्ने।
१२. अन्य छुट भएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

<u>नोट:</u>

- आवेदन पेश गर्दा रु १०० को राजश्व लाग्नेछ ।

डा. अर्जुन पुरागाँई
वरिष्ठ पशु चिकित्सक
लिलिपत निर्देशक

- विगत २ आर्थिक वर्षमा कुनै पनि सरकारी निकायबाट सोहि प्रकृतिको कृयाकलापमा नगद तथा वस्तुगत अनुदान लिएकालाई छनौट प्रकृयामा समावेस गरिने छैन। साथै विगत वर्षहरुमा एकै प्रकृतिको अनुदान प्राप्त गरेका कृषकहरुलाई समेत कार्यक्रम संचालनमा प्राथमिकतामा राखिने छैन ।
- संख्या र क्षेत्रफलमा प्रोत्साहन अनुदान कार्यक्रममा समावेश हुनका लागी अनुसुची १४ बमोजिमको निवेदन पेश गरी अनुसूचि १५ बमोजिमको निम्न अनुसार संख्या र क्षेत्रफल पुगेको हुनुपर्नेछ । साथै माउ पशु चौपायाको बिमा गरेका आवेदकलाई प्रथामिकता दिईनेछ ।

क्र.सं.	विवरण	न्यूनतम क्षेत्रफल र संख्या	प्रोत्साहन अनुदान रकम	कैफियत
१	गाई/ भैसी / चौरी /वंगुर	पाचँ वटा माउ	वार्षिक अधिक्तम पच्चिस हजार सम्म	पाचँवटा भन्दा वढीमा प्रति माउ दुई हजार पाचँ सय रुपैयाका दरले वढिमा पचास हजार रुपैया सम्म
२	भेडा/ वाख्रा/ च्याङ्ग्रा/ खसि/ वोका	पचास वटा	वार्षिक अधिक्तम एकमुष्ठ पच्चिस हजार रुपैया सम्म	पचास वटा भन्दा वढी भएमा प्रति पशु एक हजार पाचँ सय रुपैयाका दरले वढिमा पचास हजार रुपैया सम्म
३	माछापालन	क) कार्प तथा अन्य प्रचलित प्रजाति दुई रोपनी जलासय ख) रेन्ब्रो ट्राउट दुई सय वर्ग मिटर रेसवेको जलासय	पच्चिस हजार रुपैया	क) दुई रोपनी भन्दा वढी भएमा प्रति रोपनी तिन हजार रुपैयाका दरले वढिमा पचास हजार रुपैया सम्म ख) २०० वर्ग मिटर भन्दा वढी भएमा प्रति १० वर्ग मिटर १०० रुपैयाका दरले वढिमा पचास हजार रुपैया सम्म
४	कुखुरा पालन	स्थानिय १००, लेयर्स २०००, (ब्रोईलर कुखुरामा प्रोत्साहन अनुदान नदिने)	२५००० रुपैया	थप उत्पादनमा प्रति कुखुरा पचासका दरले वढिमा एक लाख रुपैया सम्म

- थप जानकारीको लागि यस कार्यालयको सुचना पार्टि र वेभ साइट *dold.karnali.gov.np* मा हेर्न, स्थानीय तह पशु सेवा शाखामा बुझ्न साथै कार्यालयको फोन नं. ०८३-५२३५५६ र ०८३-५२०९३७ मा सम्पर्क गर्न सकिने छ ।

डा. [illegible]
वरिष्ठ पशु चिकित्सक
जिल्लिरा निर्देशक